निर्णयहरू:-

१. मकवानपुर जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि मिति २०७८-०१-३० गते प्रमुख जिल्ला अधिकारीद्वारा आदेश जारी गरिएकोमा तोकिएको समयमा आधारभूत खाद्यान्न पसलहरू खोल्दा बजारमा अत्यधिक भिडभाड देखिएको जसबाट संक्रमण फैलनसक्ने उच्च जोखिम रहेकोले सो आदेशको बुँदा नं. २ मा देहायबमोजिम संशोधन गरी थप आदेश जारी गर्न प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने ।

देहाय:-

क. हेटौडा उपमहानगरपालिकाको मुख्य शहरी क्षेत्र उत्तरमा चौकीटोल, दक्षिणमा कर्रा खोला, पश्चिममा थाना भर्याङ र पूर्वमा क्याम्पा डाँडाभित्रका औषधी र अक्सिजन सिलिण्डर विक्री वितरण गर्ने पसल बाहेक अन्य सबै पसलहरू मिति २०७८ साल जेठ १३ गते बिहीबार राती १२:०० बजेसम्म पूर्णरूपमा बन्द रहने ।

ख. दूध तथा तरकारी विक्रेताहरूले सम्बन्धित सहकारी संस्थाहरूमार्फत जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गरी, गराई मोबाईल भ्यानको प्रयोग गरी टोल-टोलमा गई विक्री वितरण गर्नसक्ने ।

२. उद्योग संघ मकवानपुरले हेटौडा अस्पतालमा अक्सिजन प्लान्ट स्थापनाको प्रक्रिया अगाडि बढाएको विषयमा बैठकमा जानकारी गराइयो ।

३. नारायणी अञ्चल आयुर्वेद औषधालय, हेटौडाले आइसोलेशन सेन्टरमा रहेका बिरामीहरूलाई रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने औषधी वितरण गर्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी